मनहरी गाउँपालिका

आर्थिक वर्ष २०७६/७७

को

नीति तथा कार्यक्रम र बजेट वक्तव्य

सभाअध्यक्ष महोदय

यस गाउँपालिकाको गरिमामय पाँचौ गाउँ सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनु भएका गाउँ सभाका सदस्यहरु लगायत सम्पुर्ण महानुभावहरुमा म मेरो व्यक्तिगत र मनहरी गाउँपालिकाको तर्फबाट न्यानो अभिवादन तथा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथमतः देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान २०७२ जारी पच्छात हाम्रो देश संघिय गणतन्त्र नेपालमा रुपान्तरण भएको हामी सवैलाई थाहा भएकै विषय हो । संघिय नेपालमा तिन तहको सरकारहरुको गठन भईसकेको छ । स्थानीय निर्वाचन २०७४ वाट निर्वाचित हामी जनप्रतिनिधिहरुले करिव दुई वर्षको समय अवधि व्यतित गरिसेका छौ । दुई वर्षको हाम्रो कार्यकालमा स्थानीय तहलाई ससक्त र प्रभावकारी वनाउन हामिले खेलेको भुमिका हाम्रा सामु छर्लङ्ग छदैछ । भौगोलिक कठिनाई विकासको पुर्वधारको न्युनताका वावुजुत पनि यस अवधिमा हामीले उल्लेखनिय कार्य गरेका छौ । स्थानीय सरकारको रुपमा विभिन्न ऐन नियम र कार्यविधिको तर्जुमा तथा गाउँपालिकाको संस्थागत विकास गर्ने कार्य यस अवधिको महत्वपुर्ण कार्य हो जस्तो मलाई लाग्दछ । संविधानत हामीलाई प्राप्त अधिकार र जिम्मेवारी पुरा गर्न विभिन्न कठिनाई देखा परेको भएता पनि मनहरी गाउँपालिकालाई संस्थागत रुपमा खडा गरि विकासका पुर्वधारको गोरेटो कोर्न हामी सफल भएका छौ । विगतको एकात्मक तथा केन्द्रीकृत राज्य सत्ताबाट जनताले आमूल परिवर्तनको महशुस गर्न नसकिरहेको सन्दर्भमा विभिन्न चरण पार गर्दै नेपालको संविधान अनुसार तीन तहको सरकार मध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारको बजेट तथा कार्यक्रम आफैले बनाउने यस गरिमामय सभामा हामी रहेका छौ ।

आजको यस समारोहमा मनहरी गाउँपालिकाको तर्फबाट आथिक वर्ष २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाउंदा आफूलाई गौरवान्वित महशुस गरेको छु । हाम्रा विकासका प्रयासहरुमा सधैं साथ र सहयोग प्रदान गर्नुहुने मनहरी गाउँपालिकाकाप्रतिनिधी ज्यूहरुलगायत सम्पूर्ण गाउँबासी तथा आदरणीय दाजुभाइ दिदीबहिनीहरु, गाउँपालिकामा क्रियाशील राजनैतिक दलहरु तथा सरकारी तथा गैर सरकारी कार्यालय एवं संघ-संस्थाहरु प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । हाम्रा विकास साझेदारहरुकातर्फबाट विकास आयोजनाहरु तर्जुमा, कार्यान्वयन र अनुगमनको सिलसिलामा प्राप्त उच्चस्तरको परामर्श र सहयोग प्रति विशेष आभार प्रकट गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोग, सल्लाह एवं समन्वय प्राप्त हुने विश्वास समेत लिएको छु ।

गाउँपालिका प्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको कमी, विनाशकारी भुकम्पले सिर्जित भौतिक क्षति तथा मानसीक आघातका बीचबाट माथि उठ्दै उपलब्ध स्रोतसाधनलाई कुशलतापुर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहदा रहदै पनि गाउँपालिका प्रतिको गाउँवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको गाउँपालिकावासीहरुको उत्कृट चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन , पन्द्रौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र सिकाईहरुका आधारमा आगामि आ.व को लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ । यस बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै **समृद्ध नेपाल, सुखि नेपाली** को परिकल्पनामा समेत सहयोग पुग्ने विश्वास समेत लिएको छु ।

आयोजना तर्जुमाका बखत सकेसम्म सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको सहभागिता रहन सकोस् भन्ने तर्फ ध्यान पुऱ्याएका छौं । यद्यपि सीमित श्रोत र साधनहरुवाट हाम्रा असीमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिइएको छ । यसका लागि स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय जनताको विकासप्रतिको चाहानालाई प्राथमिकता दिन प्राप्त बजेट शिलिङलाई वडा भेलाबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई हु-बहु कार्यन्वयन गर्ने प्रयासको थालनी गरिएको छ ।

मनहरी गाउँपालकाको आ.ब. २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ विधेयक, स्थानीय तहको आर्थिक विधेयक सम्मानीत सभा सामु पेश गरेको छु । त्यस्तै मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा स्थानीय तहको विनियोजन विधेयक समेत सम्मानित सभा सामु पेश गरेको छु ।

"कृषि, पर्यटन, बन वातावरण र व्यापार मनहरी समृद्धीको मूल आधार" भन्ने नारा लाई मूल मन्त्र मानि गत बर्षझै यस बर्ष पनि सम्बभ भए सम्मको प्रयासद्धारा मनहरी गांउपालिकालाई समृद्ध बनाउन यत्नसिल रहने सोचका साथ दीर्घकालीन महत्वका गत बर्ष बाट थालनी भएका आयोजनाहरुमा यथेष्ट श्रोत परिचालन गर्ने निती लिएको छु ।

सभाअध्यक्ष महोदय

अव म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि संक्षिप्त रुपमा गत आर्थिक वर्षको यथार्थ प्रगति विबरण र चालु आर्थिक वर्षको संशोधित विबरण प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व. ०७४/०७५ मा यस गाउँपालिकामा विभिन्न शिर्षक मा कुल **बयालिस करोड साठ्ठि लाख एकचालिस हजार नौ सय नब्बे रुपया** आम्दानी भई विभिन्न शिर्षकमा चालु तथा पुजिगत खर्च गरि कुल **छत्तिस करोड अठहत्तर लाख उन्नाइस हजार सातसय एधार रुपैया** खर्च भई रु.**पाँच करोड बयासी लाख बाइस हजार दुइसय उन्नासी** मौज्दात रहन गएको छ । उक्त आ.व.मा सम्पन्न भएका **चार सय त्रिपन्न** योजना तथा कार्यक्रमहरुवाट तपसिल बमोजिमका उपलब्दिहरु हासिल भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

- स्लाव ढलान ३५२० मिटर
- सडक ग्राभेल २४३०० मिटर
- नयाँ ट्र्याक खोल्ने कार्य ३०२०० मिटर
- सडक विस्तार ३३४०० मिटर
- विधालय पुर्वाधार निर्माण २९ वटा
- सामुदायिक तथा स्वास्थ भवन निर्माण १५ वटा
- विधुत लाईन विस्तार तथा व्यवस्थापन ५ वटा
- तटवन्ध निर्माण ४४ वटा
- सिचाई योजना मर्मत २३ वटा
- खानेपानी योजना निर्माण तथा मर्मत ८१ वटा
- डिपीआर तयारी १७ वटा

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाका आर्थिक विकासका प्रशस्त सम्भावनाका विच आर्थिक, सामाजिक विकासमा केही चुनौति पनि देखिएका छन् । संघीयता कार्यान्वयन पछिको स्थानीय सरकार सामु संस्थागत क्षमता अभिवृद्धि, प्राविधिक पक्ष, स्रोत परिचालनको क्षमता अभिवृद्धि, ठूला प्रकृतिका आयोजना सञ्चालन तथा व्यवस्थापन, आन्तरीक स्रोतको अभिवृद्धि, भूकम्प पछिको पुनर्निमाणलाई निरन्तरता लगायतका चुनौतीहरु बीच समृद्धिको ढोका खोल्नु पर्ने देखिन्छ ।

यिनै सम्भावना र चुनौति विच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसका उद्देश्य आर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित मनहरीलाई समृद्ध बनाउनु रहेको छ ।

माथिका लक्ष्य तथा उद्धेश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, प्राथमिकता तथा बजेट प्रस्तुत गर्न गईरहेको छु ।

१. आर्थिक विकास

१.१ कृषि तथा पशुपालन

- स्थानीय सम्भावना अध्ययन गरी **एक वडा एक उत्पादन** कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
- नदी उकास तथा खाली पर्ति जग्गाहरुमा **बस्ति विहिन कृषि** को अवधारण अनुरुप समुह मार्फत वगर खेती कार्यक्रम संचालन गरि स्वरोजगार मुलक कार्यक्रम संचालन गर्न प्राविधीक सहयोग साथै अनुदानको व्यवस्था गरिनेछ ।
- गरिबी न्यूनीकरणको माध्यमको रुपमा पशुपालन, मौरी पालन, तरकारी खेती तथा फलफुल उत्पादनलाई प्रोत्साहन गरिने छ ।
- कृषि तथा पशुपालन कार्यलाई पुर्ण व्यवसायिक बनाउन **उत्कृष्ठ कृषक अनुदान** कार्यक्रम संचालन गरिने छ ।
- तरकारी, माछा र मह जस्ता तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ ।
- कृषि सडक एवम् पुलपुलेसाहरुको निर्माणमा जोड दिनुका साथै सम्भावित स्थानहरुमा शित भण्डार तथा संकलन केन्द्रहरु निर्माण गरी कृषिलाई उद्यम र यूवालाई उद्यमीको रुपमा विकास गर्न आवश्यक कदम चालिनेछ ।
- माटो परिक्षण सिविर संचालन गरि सबै वडाहरुमा माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिस्नु खेती तथा बहुबर्षिय फलफुल तथा नगदेबाली उत्पादनमा जोड दिईने छ ।
- अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासका लागि **एक वडा एक अर्ग्यानिक फर्म** स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ ।
- **सहकारी संग साझेदारी** कार्यक्रम अन्तरगत कृषिको व्यवसायीकरण तथा बजारीकरणमा सहकारी संस्थाहरु संगको सहकार्यमा विभिन्न कार्यक्रम संचालन गरिने छ । सवै वडाका उत्कृष्ठ सहकारीलाई पुरस्कृत गरिनेछ ।
- **दुग्ध उत्पादन पकेट क्षेत्रमा** उन्नत जातका गाईपालन गर्न इच्छुक कृषकलाई गाई ढुवानी अनुदानको व्यवस्था गरि दुग्ध संकलन केन्द्र स्थापना र संचालनमा सहयोग गरिनेछ ।
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध विक्रि गर्ने **किसानलाई प्रति लिटर रु.एक अनुदान** उपलब्द गराइनछ ।

- गाउँपालिका क्षेत्रभित्रका खेतियोग्य जग्गाहरु बाझो राख्न नपाईने निति अवलम्वन गरिनेछ । परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकिकरण गरिनेछ ।
-

१.२ सहकारी तथा टोल बिकास संस्था

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- महिला सहकारी र टोल बिकास संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम संचाल गर्नुको साथै अबलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गर्न जोड दिइने छ ।
- विषय मिल्ने सहकारीहरुको एकिकरणलाई प्रोत्साहीत गरीनेछ ।
- टोल विकास संस्थाहरुको नेतृत्व विकास गरि **सामाजिक व्यवहार सुधार सँम्वन्धि कार्यक्रम** संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- टोल विकास संस्था मार्फत विभीन्न खाले सचेतना र सरसपफाई सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी संस्था मार्फत **घरघरमा रोजगारी, टोलटोलमा सहकारी** कार्यक्रम संचालन गरिनेछ ।

१.३ घरेलु तथा साना उद्योगको विकास

- स्थानीय सिपलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उधोगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु संचालन गरिनेछ
- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।
- गाउपालिकाको उपयुक्त स्थानमा सम्भाव्यता अध्यन गरी यसै बर्षबाट हाट बजार संचालन गरिने छ ।
- श्रम मुलक घरेलु तथा साना उधोगहरुको विकास गरि रोजगारी सिर्जनामा सहयोगको लागी गाउपालिकाबाट **तालिम र घुम्तिकोषको** व्यवस्था गरिनेछ ।

१.४ पर्यटन विकास

- पर्यटकिय गुरु योजना तयार भैसकेको क्षेत्रहरुमा क्रमश प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
- रमौली, पर्तापुर, सुनाचुरी मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क चेपाङ कल्चर, वनकरिया होमस्टे पिकनिक स्पट, वडा नं ४मा गोही संरक्षण,वडा नं. ८ मा रानीपोखरी गढीडांडा सिखर पिकनिक स्पट वडा नं १ मा टी हाउस लगायत पर्यटकीय सम्भावनाका क्षेत्रलाई पर्यापर्यटन क्षेत्रको रुपमा बिकास गर्ने कार्यको थालनि गरिने छ ।
- पर्यटन क्षेत्रको पुर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरु पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।
- विभिन्न जातजातिहरुको धर्म, संस्कृति भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरी गाउँक्षेत्रको ऐतिहासिक, मौलिक परिचयलाई मजबुत बनाइनेछ ।

- पर्यटकिय सम्भावना भएका गाउँक्षेत्रका ऐतिहासिक तथा पुरातात्वीक स्थानहरुको पहिचान र विकासमा जोड दिइनेछ ।

२. पूर्वाधार विकास

२.१ सडक

- गाउँपालिका सडक यातायात गुरु योजना तयार भैसकेको सडकहरुमा पर्याप्त लगानी गरि यसै बर्षबाट कालोपत्रे गर्ने कार्यको सुरुवात गरिने छ । अन्य नयां स्थानको सडकको सम्भाव्यता अध्ययन गरी डी.पी.आर. तयार गरिने छ ।
- गाउँपालिका क्षेत्रमा प्राथमिकतामा परी विगतदेखि नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुको मर्मत सम्भार तथा थप स्तरोन्निति गर्न बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सञ्चालनमा रहेका सडक आयोजनाहरुको लागि नियमित मर्मत सम्भार गर्न **मर्मत सम्भार कोष विनियमावली** बमोजिम निश्चित प्रतिशत रकम कोषमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रका नयाँ ट्र्याक खोल्ने कार्यलाइ यस आ.व.मा सम्पन्न गरि थप सडकहरुको स्तरोन्नती कार्यमा लगानी गरिनेछ ।
- संघ तथा प्रदेश सरकारसंगको सह लगानीका आधारमा समपुरक कोष मार्फत ठुला सडक तथा पुल र तटवन्धन निर्माणको योजना अगाडी बढाइनेछ ।
- सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी **हरित सडकको** अवधारणालाई कार्यान्वयन गर्दै सडकहरुको दायाँ बायाँ वृक्षारोपण गर्दै लगिने छ ।
- **पुर्वाधारमा साझेदारी कार्यक्रम** अन्तरगत नगद जनसहभागितामा आधारित आयोजनाहरुमा प्राथमिकता दिईने छ । वस्ती स्तरका सडकहरुमा स्ल्याव ढलान तथा कालोपत्रे गर्ने कार्यको लागि कम्तिमा ४० प्रतिशत नगद जनसहभागिता जुटेमा प्राथमिकताका आधारमा समपूरक कोषबाट जुनसुकै बेला लगानी गरिने छ ।
- सडक लगायत भौतिक पूर्बाधारका ठुला परियोजना संचालनमा सहजताका लागी क्रमशः हेभि ईक्युपमेंट लगायत मेशीन खरीद गर्ने कार्य अगाडी बढाईने छ ।
- पूर्बि राप्ती किनार तटबन्धन क्रमागत योजनालाई प्रभावकारी बनाउन केन्द्रीय सरकार समक्ष पहल गरिने छ ।
- गाउँपालिका भित्रका बजार क्षेत्र तथा बजार उन्मुख टोल वस्तीहरुका सडकहरुमा वैकल्पिक उर्जा मार्फत **"उज्यालो सडक" कार्यक्रम** तर्जुमा एंव कार्यन्वयन गरिनेछ ।

२.२ खानेपानी तथा सरसफाई

- गतबर्ष हरेक वडामा कम्तीमा १/१ वटा बृहतर नमूना खानेपानी आयोजनाको शुरुवात गरिने छ भनिएकोमा सबै वडामा सो कार्य प्रारम्भ भैसकेकोले थप लगानी गर्नुपर्ने भएका आयोजनालाई रकम बिनियोजन गरी सम्पन्न गरिने छ ।
- गांउपालिका स्तरीय एक **खानेपानी बोर्ड** गठन गरिने छ ।

- मनहरी गांउपालीकालाई पूर्ण सरसफाई युक्त पालिकाबनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहाकार्य गरी **पूर्ण सरसफाईका पाँच प्लस एक** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन यसै बर्षबाट थालनी गरीन्छ ।
- ल्याण्डफिल साईड निर्माणका कार्य यसै आर्थिक बर्षवाट शुरुवात गरिनेछ ।

२.३ सिचाईं

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिचांई कार्यक्रम** निरन्तर सञ्चालन गरिनेछ ।
- निर्माणाधिन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाइनेछ ।
- सिचाइ सुविधा कम भएका कृषिक्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिचाइ आयोजनाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।
- प्रदेश सरकारसंगको समन्वयमा टारी सिचाई आयोजना संचालन गरिनेछ । प्रदेश सरकार, मनहरी गाउपालिका र स्थानीय समुदायको लगानीमा संचालनहुने कार्यक्रमका लागि म्याचिङ फण्ड उपलब्द गराइनेछ ।

२.४ विद्युतिकरण एवं वैकल्पिक उर्जा

- विद्युत प्राधिकरण संगको सहकार्यमा काठका पोलहरु प्रतिस्थापन गरिने कार्य निरन्तर गर्दै वडाहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- न्यून भोल्टेज सप्लाईको कारण भएको अबरोधहरुलाई हटाउन गतविगत देखि संघिय सरकार समक्ष पहल गरिएकोमा हाल विधुत प्राधिकरण मार्फत मनहरी वडा नं.८ मा वन्न लागेको सवस्टेशनका लागि आवश्यक जग्गा उपलब्द गराईनेछ ।
- विधुत सेवा नपुगेका टोल वस्तीहरुमा विधुत सेवाको पहुच वृद्धि गर्नुका साथै सौर्य वत्ति वितरण मार्फत **उज्यालो मनहरी अभियान** संचालन गरिनेछ ।
- **"घर भित्रको वायु प्रदुषण मुक्त"** गाउपालिका घोषणा गर्ने अभियानको थालनि गर्न निम्न कार्यक्रम हरुलाई उचित अनुदानको व्यवस्था गरिनेछ ।
    १. सुधारिएको चूलो जडान
    २. गोबरग्याँस प्लान्ट
    ३. सौर्य उर्जा

२.५ युवा तथा खेलकुद तथा अन्य पूर्वाधार

- वडा नं. ७ रमौलीमा क्षेत्रीय स्तरको मदन भण्डारी स्मृति रंगशाला निर्माण कार्यलाई अगाडी बढाईने छ ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारीमा गाउँस्तरिय आवश्यकता अनुसार खेलकुद सामाग्री वितरण, प्रशिक्षण तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी खेलकुद क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने नीति लिइनेछ ।
- यसै वर्षभित्र **गाउँपालिका स्तरिय खेलकुद विकास समिति** गठन गरिनेछ । उक्त समिति मार्फत खेलकुद सम्वन्धि योजना तर्जुमा गरि खेलकुद प्रशिक्षक नियुक्तिको प्रकृया अगाडि बढाईनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र प्रशिक्षण भईरहेको **क्युकोसिन कराते** खेलको विकासका लागी आवश्यक सहयोग प्रदान गरिनेछ ।
- विभिन्न स्तरको फुटबल/अन्य खेलकुद प्रतियोगिता घोषणा गरी प्रतियोगिता आयोजना गरिने छ ।
- यसै वर्षवाट शुरुवात गरिएको **अध्यक्ष कप फुटवल प्रतियोगिता** लाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक पार्क स्थापना, संरक्षण र सञ्चालन गर्ने कार्यलाई वढावा दिई गाउपालिका भित्रका व्यायाम केन्द्र तथा योग साधना केन्द्र निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- राष्ट्रिय युवा परिषदसंगको सहकार्य र समन्वयमा **नमुना युवा सांसद सम्वन्धि कार्यक्रम**हरु संचालन गरिनेछ ।
- सवै वडा हरुमा क्रमश खेलमैदान निर्माण गर्दै लगिनेछ ।

३. बातावरण तथा विपद व्यवस्थापन

३.१ वन, वनस्पति, भूसंरक्षणर वातावरण

- **हरित सडक निर्माण**का लागि सडकका दायां बाया बृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाई टोल विकास संस्था मार्फत परिचालन गरिनेछ ।
- बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक बन, कबुलियत बन संग सहकार्य गरी बन कृषि कार्यको प्रबर्द्धन गरिने छ ।
- विकास योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकास्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण तथा वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ऐलानी पर्ती सार्बजनिक जग्गाको संरक्षण गरिने कार्य लाई निरन्तरता दिई टोल विकास संस्था मार्फत खाली जग्गामा बृक्षारोपण गरिने छ ।
- स्थानिय क्रसर उद्योग लगायत विभिन्न उद्योग धन्दाहरुबाट निष्कने प्रदुषण नियन्त्रण गर्न उद्योगी हरुलाई जिम्मेवार बनाईने छ ।
- बिपद व्यबस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभाबकारी बिपद व्यबस्थापनको लागी कार्ययोजना बनाई लागू गरिने छ । सरोकारवालाहरु संग सहकार्य गरी चुरे संरक्षणमा ध्यान

दिईने छ । जोखिम युक्त स्थानमा रहेका एबम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुनरस्थापनाको लागि पहल गरिनेछ ।

- गांउ स्तरीय **बिपद व्यबस्थापन कोष** स्थापना गरिने छ । विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका बमोजिम बिपद बाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलबायु अनुकुलन तथा जैबिक बिबिधता सम्बन्धि बिशेष कार्यक्रम संचालन गरिने छ ।
- **बन पैदाबरमा आधारित काष्ठ उधोग** चालु आ.व.मा स्थापना भएकोमा उक्त मिल संचालनको लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- पर्सा राष्टिय निकुञ्ज संगको सहकार्यमा निकुञ्ज प्रबेशद्धारको निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिने छ ।
- **स्थानीय सरकार संचालन ऐन** ले दिएको अधिकारलाई प्रयोग गरि **मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति**लाई प्रभावकारी बनाईनेछ । यस क्षेत्र भित्र रहेका पर्ति तथा सार्वजनिक जग्गाहरुको लगत राखी प्रभावकारी ढंगवाट संरक्षण , सर्वधन गर्ने नीति लिइनेछ ।

४. सामाजिक विकास

४.१ बस्ति तथा शहरी बिकाश

- **भू उपयोग नीति** तयार पारी ब्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरीने छ ।
- भवन निर्माण सम्बन्धी मापदण्ड २०७५ लाई कार्यान्वयनमा ल्याईनेछ ।
- सम्पूर्ण गांउपालिका क्षेत्रमा भबन निर्माण आचार संहिता कडाईका साथ लागू गरिने छ ।
- गाउँपालिका क्षेत्रको नमूना वस्तीको रुपमा DPR तयार भई कार्य प्रारभ्भ भएको **बोटे नमुना वस्तीलाई** यस वर्ष सक्ने गरि रकम विनियोजन गरिनेछ ।
- **अध्यक्ष नागरिक आवास कार्यक्रम** संचालन गरि गाउपालिका भित्रका फुसको छाना विस्थापन गरि जस्तापाता वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- **आफ्नो गाउँ आफै बनाउ** नारालाई सार्थक बनाउन जोड गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु गाउँपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि वढाउन तथा सार्वजनिक, पर्ति तथा सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- भुमिहीन सुकुम्वासी स्वबासीहरुको पहिचान गरि त्यस्तो समस्या समाधानको लागी जग्गा नापी प्रकृया लगायत आबस्यक अन्य बैद्यानिक समाधानका उपाय अपनाईने छ ।

४.२ शैक्षिक विकास कार्यक्रम

- गाउँ शिक्षा ऐन २०७५ वमोजिम मा. वि तह सम्मको शिक्षा व्यवस्थित गरिनेछ । शैक्षिक बिकास कोषको स्थापना गरिने छ । गांउपालिका भित्र संचालित सामुदायीक क्याम्पसको स्तरउन्नतीमा सहयोग गरिने छ ।

- शिक्षाक्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि पोशाक, शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- **शिक्षामा सवैको पहुच कार्यक्रम** संचालन गरि विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा उनिहरुको उपस्थीतिलाई निरन्तरता दिंदै शैक्षिक उपलब्धि वृद्धि गर्न आधारभूत तहको शिक्षालाई निशुल्क तथा अनिवार्य गराउने कार्यलाई तिव्रता दिईनेछ ।
- सामूदायीक बिद्यालयहरुमा अंग्रेजी माध्ययमबाट अध्यापन गराउने कार्यमा प्रोत्साहन गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख ब्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई आन्तरीक श्रोतको खोजी गरी आत्मनिर्भर बनाउन जोड गरिने छ ।
- शिक्षक विधार्थी अनुपातका आधारमा शिक्षक दरवन्दि कम भएका विधालयहरुलाई विधार्थी संख्याका आधारमा **शैक्षिक व्यवस्थापन अनुदान** प्रदान गरिनेछ ।
- उत्कृष्ठ विधालय, शिक्षक तथा एस.ई.ई. परिक्षामा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।
- कृषि तथा भेटेनरी लगायत प्राबिधिक शिक्षालयहरु स्थापना गरि संचालनमा सहयोग पुरयाईने छ ।
- मनहरीमा अवस्थित एक मात्र क्याम्पस संचालनको लागि आवश्यक सहयोग उपलब्द गराईनेछ ।

४.३ स्वास्थ्य सेवा

- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन गांउ क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ ।
- स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरणका लागी निजी क्षेत्रको लगानीलाई आकर्षित गराइनेछ ।
- शिशु मृत्यु दर, वालमृत्यु दर र मातृ मृत्युदर घटाउने र महिलाको प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन प्राथमिकताको आधारमा वर्थिङ सेन्टर निर्माण गर्दै लगिनेछ ।
- महिला स्वास्थ स्वयंसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनिहरुको क्षमता अभिवृद्धी तालिम संचालन र **स्वयंसेविका आयआर्जन कोष** स्थापना गरिनेछ ।
- मनहरी गाउँपालिकाभित्रको नागरिकता भएका सतप्रतिशत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि यस वर्ष महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा रु.२००० बराबर प्रोत्साहन स्वरुप पोषण सामाग्री उपलब्ध गराईने छ ।
- बालबालिकाहरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोप गाउपालिका घोषणा भैसकेको संदर्भमा स्थायीत्व प्रदान गर्न घोषणा पश्चातकार्यका लागी गाउँघर खोप क्लिनिक निरन्तरता दिईनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- **मनहरी स्वास्थ विमा कार्यक्रम** संचालन गरि अति गरिव तथा विपन्न नागरिकहरुलाई स्वास्थ विमामा पहुचको लागि गाउपालिकाको तर्फवाट विमा गर्न **अध्यक्ष विमा सहयोग कोषको** स्थापना गरिनेछ ।
- अनिवार्य रुपमा जाँच गर्न पर्ने समयमा गर्भ जाँच गराउन आउदाँ पोषणको व्यवस्था सहित उचित प्रोत्साहित गरिनेछ । सिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निशुल्क उपचारको व्यबस्था मिलाईने छ ।

- २ छोरी मात्रको जन्म पश्चात स्थायी बन्ध्याकरण गर्ने बिबाहित महिला/पुरुषलाई पोषण सामग्रीको साथै उचित नगद पुरस्कारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मनहरी प्राथमिक स्वास्थ केन्द्रमा आँखा रोगको उपचारको अत्यन्त आवश्यकता देखिएको हुदा यस केन्द्रमा एक जना आँखाको चिकित्सकको व्यवस्था गरि **आखाको उपचार** यसै वर्षबाट शुरुवात गरिनेछ ।
- मनहरी प्राथमिक स्वास्थ केन्द्रमा पन्द्र शैयाको अस्पताल निर्माण कार्य यसै वर्षवाट शुरुवात हुने भएकोले नयाँ अस्पताल भवन तयार नहुदा सम्मको लागि **वैकल्पिक व्यवस्था गरी स्वास्थ सेवा सुचारु गर्न** आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४.४ महिला

- महिला शसक्तिकरणका लागी मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, आयआर्जन, शिपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिलाहरुलाई व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक, आयमूलक तालिम कार्यक्रमका साथै वेचविखन, हिंसाबाट पिडित अतिविपन्न महिलाहरुलाई प्रविधि हस्तान्तरणको माध्यम बाट आत्मनिर्भरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, वहुविवाह, मानव वेचविखन लगाएत बाट प्रभावित महिलाहरुलाई निशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागी सेफ हाउस संचालन गरी आश्रय प्रदान गरिने छ ।
- घरेलु मदीरा उत्पादन वा अन्य सबै प्रकारका मदिरा बिक्रि बितरणमा महिला संलग्नतालाई निरुत्साहीत गरिनुको साथै सो पेशामा संलग्न महिलालाई वैकल्पीक आयआर्जनको कार्यक्रममा आबद्ध गराईनेछ । महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनका कार्यक्रममा लगानी गर्न महिला सहकारी मार्फत **उपाध्यक्ष महिला उत्थान कार्यक्रम** संचालन गरिनेछ ।
- जनप्रतिनिधी तथा अगुवा महिलाहरुका लागी नेतृत्व बिकास, सम बिकास,तनाव व्यबस्थापन लगायत बिषयमा तालिम प्रदान गरिनुका साथै अबलोकन भ्रमण गराईने छ ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा महिलाको सहभागितालाई सुनिश्चित गरिनेछ । महिलाको नेतृत्वमा गठन हुने उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ ।
- महिला तथा वालवालिका शाखा मार्फत महिला तथा वालवालिका विकास कार्यक्रमहरुको समन्वयत्मक रुपमा संचालनको व्यवस्था मिलाईनेछ
- सुरक्षित वैदेशिक रोजगारीका लागि **सुरक्षित आप्रवासन कार्यक्रम** संचालन गरिनेछ ।
- मनहरी ८ स्थित पिस पार्कमा निर्माणाधिन आमा घरको लागी आबस्यक सहयोग उपलब्ध गराईने छ ।
- गत बर्षदेखि संचालित जिरो होम डेलिभरी कार्यक्रमलाई थप प्रभाबकारीताका साथ निरन्तरता दिईने छ ।
- हरेक बर्ष महिला लक्षित कार्यक्रमका लागी बार्षिक बजेटको कम्तिमा १० प्र.स. बजेट बिनियोजन गरिने छ ।

४.५ वालवालिका

- बालमैत्री स्थानीय शासन अबधारणा अबलम्बन गरि स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ बमोजीम सबै वडालाई क्रमशः बालमैत्री वडा घोषणा गरिदै लगिने छ । साथै बालमैत्री घोषणा कार्यक्रम कार्यान्वयनका लागी कुल बार्षिक बजेटको हरेक बर्ष कम्तिमा १० प्र.स. रकम बिनियोजन गरिने छ ।
- बालबालिकाहरुको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि गाउँबाल संरक्षण समिति र गाउँपालिकाको समन्वयमा **उपाध्यक्ष वाल सुरक्षा कार्यक्रम** संचालन गरिनेछ ।
- बालक्लब गठन तथा गाउँबाल संजालको क्षमता अभिबृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिबृद्धि गरिनेछ ।
- बालबालिकाहरुको मनोरञ्जनको लागि एक वडा एक बालमैत्री उद्यान कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।
- बालबालिकाको सत प्रतिशत जन्मदर्ता समयमै गराउने वडालाई पुरस्कृत गर्ने कार्य गरिने छ ।
- वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा गरिनेछ ।
- बालबिबाह रोक्न गांउक्षेत्र भित्र हुने बिबाहमा छापिने निम्ता कार्डमा बर बधुको अनिबार्य उमेर उल्लेख गर्नुपर्ने व्यबस्था कार्यान्वयनमा ल्याईने छ ।
- अबिभाबक बिहिन बालबालिकाको उचित संरक्षण पुरयाईने तिर ध्यान पुरयाईने छ ।

४.६ अपाङ्गता वा फरक क्षमता भएका नागरिक

- गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरु को वर्गिकरण गरि सवैले परिचय पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङताको प्रकृति हेरी अपाङता सहायता सामग्री हरु/पोषण सामग्री उपलब्ध गराईने छ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।

४.७ जेष्ठ नागरिक

- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन **ज्येष्ठ नागरिक स्नेहघर** संचालन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- **जेष्ठ नागरिक सम्मान तथा तिर्थाटन कार्यक्रम** संचालन गरिनेछ ।
- समाजमा **"बाबु आमा बोझ हैनन् बृक्ष हुन"** भन्ने नैतिक धारणाको बिकाश गरीने छ ।
- जेष्ठ नागरिकहरुको सूची तयार गरी उनिहरुको बिज्ञतालाई समाज निर्माणमा उपयोग गर्न र उनिहरुको संरक्षणका लागि एकीकृत सेबा केन्द्र स्थापनाको कार्य अगाडी बढाईने छ ।
- सन्तान बिहिन जेष्ठ नागरीक(आमा बा)हरुका लागी आश्रय भबन निर्माणको पहल गरि संरक्षणको उचित व्यबस्थापन गरिने छ ।

४.८ एकल महिला,आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान

- सिमान्तकृत तथा लोपोन्मुख जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गर्नुका साथै **एकल महिलाको लागी सीप विकास तथा आयमूलक कार्यक्रम**हरुमा पहुंच बद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । परम्परागत आरनलाई विस्थापित गरि सुधारिएको आरन वितरण गरिनेछ ।

४.९ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धन गर्न आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिंदै सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा अभियानहरुको सफल कार्यान्वयनमा सहकार्य गरिनेछ ।
- ईच्छुक व्यक्तिहरुलाई आधारभुत पत्रकारिता तालिम प्रदान गरिनेछ ।

५. सार्वजनिक सेवा तथा क्षमता विकास

५.१ मानव संसाधन विकास कार्यक्रम

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालन गरिने छ ।
- कर्मचारीहरुको मनोबल उच्च राख्न मौद्रिक गैरमौद्रिक प्रोत्साहनका साथै अध्ययन अबलोकन भ्रमण र उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिने छ ।
- निर्माण क्षेत्रका मजदुरहरुलाई दक्ष बनाउन तालिम प्रदान गरीने छ । बैदेशीक रोजगारीमा गुणस्तरीय जनशक्तिको सुनिश्चितताका लागि प्राविधिक जनशक्तिको विकास गर्ने कार्यमा सहयोग पुऱ्याईनेछ ।
- स्थानिय स्तरमा लघुउधम लाई प्रबर्द्धन गरी दक्ष स्वरोजगार उत्पादन गर्न **कम्तिमा २०० युबालाई** तालिम प्रदान गर्ने कार्यक्रम ल्याईने छ ।
- प्रत्येक वडामा कम्तीमा दुई जनालाई सूचना तथा प्रविधि सम्बन्धी तालिम दिई वडागत सूचना सम्प्रेषण गर्न प्रोत्साहन गरिने छ ।
- गा.पा.बाट उपभोक्ता मार्फत संचालन गरिने रु. दश लाख माथिका योजनामा नियमानुसार रनिङ बिल भुक्तानीको व्यबस्था मिलाईने छ ।

- गाउपालिकाको निर्णय कार्यान्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विष्लेषण गरि यसै आर्थिक वर्षमा **नगरप्रहरी**को दरवन्दि सिर्जना गरि पदपुर्ति गरिनेछ ।

५.२ सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन

- गांउ स्तरीय सूचना प्रणाली व्यवस्थित गर्न सुचना अभिलेखालय स्थापना गर्ने कार्य कार्यान्वयनमा ल्याईनेछ ।
- गांउपालिकाका निति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शि बनाईने छ । **मनहरी एप्** प्रयोग गर्न आम नागरीकलाई आब्हान गरिने छ ।
- मुख्य बजार क्षेत्रमा सुचनापाटी स्थापना गरिने छ । कार्यालयमा डिजिटल डिस्प्ले सहितको नागरीक बडापत्र सञ्चालनमा ल्याईने छ ।
- जिल्ला तथा गांउपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम.,पत्रिका,अनलाईन खबर लगायत माध्यममा पारदर्शी रुपमा बिज्ञापन वा सुचना सामग्री उपलब्ध गराईने छ ।

५.३ सामाजिक परिचालन

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुर्नगठन गरिने छ ।
- सामाजिक सशक्तिकरणको लागी वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।

५.४ गैर सरकारी संस्था/उपभोक्ता समिति तर्फ

- गाउँ विकासका साझेदारको रुपमा गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग सम्म पुग्ने गरी कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँक्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सचांलन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
- समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिहरुलाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

५.५ आन्तरिक स्रोत परिचालन तर्फ

- एकीकृत सम्पत्तीकर, विज्ञापनकर, ब्यबसायकर, घर बहालकरलाई ब्यबस्थितरुपमा संकलन गर्न गाउँपालिका भित्रका कलेजहरुसग साझेदारी तथा सहकार्य गरी करदाता शिक्षा तथा करदाता लगत तथा सूचना संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- करको दर परिमार्जन सहित करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।

- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको प्रमुख आयस्रोत **सम्पत्ती कर**लाई व्यवस्थित गरि ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

५.६ अनुगमन तथा सुपरीवेक्षण

- गाउ क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) को मर्म अनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकावाट संचालित कार्यक्रमहरु अनुगमन पच्छात मात्र भुक्तानी दिईनेछ ।

५.७ संगठन तथा सुशासन तर्फ

- स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकतानुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाइ अझ बढी व्यवस्थित र सुलभ बनाइने छ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउँपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- उच्तस्तरको कार्यसम्पादन रहेका कर्मचारीलाई प्रोत्साहनका लागि नगद पुरस्कार तथा सम्मानको ब्यबस्थालाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।
- कर्मचारीहरुका लागी आचारसंहीता तयार गरी लागू गरिने छ ।

सभाध्यक्ष महोदय,

यी तोकिएका कार्य अगाडी बढाउनका लागि कूल रु.**एकसठ्ठि करोड उन्नानसयलाख एकतिस हजार**को बजेट विनियोजन गरेको छु । उक्त विनियोजित रकम खर्च गर्नको लागि नेपाल सरकार वित्तिय समानिकरणबाट **बाह्र करोड त्रिपन्न लाख** , ३ नं. प्रदेश सरकार बित्तिय समानिकरण अनुदान बाट **एक करोड तिनलाख चालिस हजार,** नेपाल सरकार सशर्त अनुदानबाट **बाह्र करोड सतचालिस लाख** , ३ नं. प्रदेश शसर्त अनुदानबाट **एक्काइस लाख अठसठ्ठि हजार**), राजस्वको स्रोत बांडफांडवाट रु.**बाह्र करोड अठहत्तर लाख चौरासी हजार,** बन रोयल्टीबाट रु.**पैतालिस लाख उन्नानचालिस हजार** र अन्य सशर्त अनुदान, सामाजिक सुरक्षा रकम तथा आन्तरीक राजस्व परिचालन बाट **चौध करोड पचास लाख** प्राप्त हुने अनुमान गरीएको छ । यसका अलावा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट थप रु.**आठ करोड** समेत प्राप्त हुने अनुमान गरेको छु ।

उक्त स्रोत मध्येवाट चालु खर्चतर्फ कुल **रु.एकतिस करोड सतासीलाख पचास हजार** (कुल विनियोजनको **५१.४१** प्रतिशत) र पुँजिगत कार्यक्रम तर्फ **रु. तिस करोड एघार लाख एकासी हजार** (कुल विनियोजनको **४८.५९** प्रतिशत) रकम विनियोजन गरेकोछु ।

सभाध्यक्ष महोदय,

यस निति कार्यक्रम र बजेट कार्यान्वयनबाट मनहरी गाउँपालिका क्रमशः आर्थिक, सामाजिक, भौतिक रुपले क्रमश समृद्ध हुदै जाने विश्वास लिएको छु । मनहरी गाउँपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नुहुने नेपाल सरकार,३ नं. प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था,संचारकर्मी लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धीत सबैपक्षको सहयोग रहने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा: मार्गनिर्देश गर्नुहुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा,

विकास निरन्तर चलिरहने प्रक्रिया हो । असिमित मानविय तथा सामाजिक आवश्यकता तथा चाहना विच सिमित साधनद्धारा समृद्धी हासिल गर्न कुशल र मितव्ययी व्यबस्थापन जरुरी रहेको हुन्छ । यस स्थानीय सरकारद्धारा विनियोजित बजेट तथा कार्यक्रमले आर्थिक, सामाजिक विकासका अनेकौ सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकबद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ ।

धन्यवाद ।